
# नदी अधिकार, संरक्षण तथा संवैधानिक दायित्व सुनिश्चित गर्न नागरिकको औपचारिक उजुरी तथा मागपत्र


हामीले नगरे कसले गर्ने?
आज नगरे कहिले गर्ने?

## नमस्ते ! सबै मित्रहरू,

हामी सोमवार, माघ १२, २०८२, दिउँसो १ बजे देखि माइतीघर मण्डलामा रिले अनसन बसिरहेका छौं। यस ऐक्यबद्ध अभियानमा सबै देश तथा प्रकृति प्रेमी मित्रहरूबाट एकजुट सहभागिता र समर्थनको अपेक्षा गर्दछौं।

### नदी अधिकार, संरक्षण तथा संवैधानिक दायित्व सुनिश्चित गर्न नागरिकको माग

नेपालमा ६,००० भन्दा बढी नदी तथा खोलानालाहरू छन्। हिमाल, पहाड र तराईका नाममा राष्ट्रिय निकुञ्ज घोषणा भएको भए पनि आजसम्म कुनै नदीको नामबाट राष्ट्रिय निकुञ्ज घोषणा नगरिनु गम्भीर नीतिगत कमजोरी हो। अतः सातै प्रदेशमा प्रत्येक प्रमुख नदी प्रणालीका आधारमा प्रदेशगत नदी-संरक्षण क्षेत्र घोषणा अनिवार्य हुनुपर्छ।

कर्णाली नदी कैलाश, खस ऱ गंगा सभ्यतालाई जोड्ने मूल जीवनरेखा हो। यसले माझी, हुम्ली भोटे, खास, बादी, राजी, मगर, थारु, सोनाह  लगायत विविध समुदाय र सभ्यताको पहिचान बोकेको छ। विश्वमा २ अर्ब (हिन्दू, बौद्ध, सिख, किरात, बोन्) भन्दा बढी मानिसको धार्मिक र सांस्कृतिक आस्थासँग जोडिएको, विश्वकै अति दुर्लभ यस नदीलाई नष्ट गर्दै गरिने विकास संवैधानिक अर्थमा विकास होइन, स्पष्ट 'कुविकास' हो। यसै आधारमा हामी माग गर्दछौं कि कर्णाली नदीलाई अन्तर्राष्ट्रिय महत्वको World Heritage Site का रूपमा सूचीकृत गर्न नेपाल सरकारले तत्काल प्रक्रिया सुरु गरोस्। स्वतन्त्र रूपमा बग्ने (Free-flowing) कर्णाली नदीमाथि कुनै पनि हस्तक्षेप भविष्य पुस्ताको मौलिक अधिकार विपरीत हुनेछ।

त्यसैगरी, बागमती नदीलाई कानूनी रूपमा मानव सरह अधिकार (Legal Personhood) प्रदान गरिनु आवश्यक छ, जसबाट प्रदूषण, अतिक्रमण र दुरुपयोग विरुद्ध नदी स्वयंको तर्फबाट कानूनी उपचार खोज्नु पर्ने आजको आवश्यता हो ।

नदी विनाशमार्फत गरिने विकास दीगो हुँदैन। नदी संरक्षणमार्फत गरिने विकास मात्रै संविधानसम्मत, न्यायोचित र दीगो विकास हो।

अतः

हामी, संविधान, वातावरणीय न्याय, मानव-प्रकृति सहअस्तित्व, र अन्तरपुस्तीय अधिकारमा विश्वास गर्ने नागरिकको हैसियतमा, नेपालका नदीहरू माथि भइरहेको अवैज्ञानिक, विनाशकारी र सभ्यता-विरोधी विकास कार्यप्रति औपचारिक उजुरी मार्फत नेपाल सरकार समेत राज्यका तीनै अंग समक्ष हामी निम्न बमोजिमका न्यायोचित माग गर्दछौं–

- नदीलाई जीवित अस्तित्व मान्दै संरक्षणसम्बन्धी संवैधानिक व्याख्या गरियोस्।
- कर्णाली नदीलाई World Heritage Site सूचीकृत गर्ने प्रक्रिया तुरुन्त प्रारम्भ गरियोस्।
- बागमती नदीलाई कानूनी व्यक्तित्व प्रदान गरियोस्।
- सतै प्रदेशमा नदीमा आधारित संरक्षण क्षेत्र तोकियोस्।

- नदी सभ्यता विनाश गर्ने कुनै पनि विकास कार्य तत्काल रोकियोस्।
- कर्णाली-गण्डकी-कोशी नदी प्रणालीमा प्रत्येक प्रमुख नदी प्रणालीको कम्तीमा १ नदी अविलम्ब संरक्षण अन्तर्गत राखियोस्, जसमा कर्णाली मूल नदि, वडिगाड र तमोर नदीलाई संरक्षित नदीको रूपमा राखियोस्।
- पश्चिम सेती कर्णाली नदीलाई सहर माछा संरक्षण नदी क्षेत्र (Mahseer Conservation Sanctuary) अन्तर्गत पूर्ण संरक्षण दिइयोस्।
- काली गण्डकी डाइभरसन परियोजना तुरुन्त बन्द गरियोस , नदीको प्राकृतिक बहाव र स्थानीय समुदायको अधिकार सुनिश्चित गरियोस्।
- त्रिशुली नदी - नुवाकोट को देवीघाट देखी चितवन को देवघाट नदी खण्ड लाई धार्मिक, सांस्कृतिक तथा पर्यटकिय नदी घोषणा गरी संरक्षण गरियोस ।
- स्थानीय तह तथा नगरपालिकाबाट नदी किनार क्षेत्रमा गरिँदै आएको ठोस फोहोर फाल्ने कार्य तुरुन्त रोक

लगाइयोस् र नदी नालाहरुमा हुने अवैध उत्खनन र दोहन तत्काल रोकियोस् ।

- नदीको Right of Way अतिक्रमण गरी तथाकथित "नदी करिडोर सडक" निर्माण गर्ने कार्य तत्काल बन्द गरियोस्।
- नदी संरक्षण सम्बन्धी छुट्टै कानूनको निर्माण गरियोस् ।
- सीमापार (Trans-boundary) नदीहरूको सन्दर्भमा भारतसँग न्यायोचित, समानता आधारित र पारस्परिक लाभ सुनिश्चित गर्ने जल-स्रोत सहकार्य तथा लाभ बाँडफाँट (Benefit Sharing) सम्बन्धी स्पष्ट, पारदर्शी र अन्तर्राष्ट्रिय सिद्धान्तअनुसारको सम्झौता प्रक्रिया अवलम्बन गरियोस्।
- पृथ्वी को बढ़दो तापक्रम, जलवायु परिवर्तन को माहामारी को समय नेपाल, जुन देशमा वर्ष को लगभग ३२० दिन घाम लाग्छ, नदी र हिमाल को घाँटी मा तिब्र वेग मा वायु चल्छ, नविकरणीय ऊर्जाको प्रचुर सम्भावना छ, त्यसको सदुपयोग भएमा हाम्रा हाम्रा प्राकृतिक सम्पदा जोगाउन

सगाउने छ, त्यसको लागी सही नीति बनाई तुरुन्त लागु गरियोस्।

**-देश र प्रकृति प्रेमी अभियन्ताहरू**

तस्बिरहरू



**कालीगण्डकी नदी**



नदी संरक्षणमा चुनौती बनेको नदी किनारमा फैलिएको फोहोर



विश्वकै उत्कृष्ट राफ्टिङ गन्तव्य मानिने कर्णाली नदीमा राफ्टिङ



नेपालको हुम्ला जिल्लाको याङ्गार गाउँमा कर्णाली नदी



नेपालको हुम्ला जिल्लाको लाली गाउँ नजिक कर्णाली नदीको जंगली र रमणीय दृश्य



बागमतीमा कायाकिङ माइतीघर मण्डलामा भएको हाम्रो रिले अनशनका केही क्षणहरू ✊📷 – संघर्ष, एकता र आवाजको प्रतीक। माइतीघर मण्डलामा भएको हाम्रो रिले अनशनका केही क्षणहरू ✊📷 – संघर्ष, एकता र आवाजको प्रतीक।



माइतीघर मण्डलामा भएको हाम्रो रिले अनशनका केही क्षणहरू – संघर्ष, एकता र आवाजको प्रतीक।







अनशनमा युवाहरूको सक्रिय सहभागिता